नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०८२/०३/३०

## प्रेस विज्ञप्ति

नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०८२/०३/२५ गतेको पत्रानुसार माननीय मन्त्री रघुजी पन्त र काठमाडौं स्थित नेपालका लागि अमेरिकी राजदूत महामहिम Mr. Dean R. Thompson बिच शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न भयो। भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले नेपालको विकास, शान्ति र लोकतन्त्रको सुदृढीकरणमा अमेरिकी सरकारले गरेको सहयोग र साझेदारीको प्रशंसा गर्दै आगामी दिनमा सहकार्यलाई अझै प्रगाढ बनाउने विषयमा विशेष जोड दिनु भयो। सो अवसरमा माननीय मन्त्रीज्यूले अमेरिकाको शिक्षा प्रणालीप्रति नेपाली विद्यार्थीहरूको आकर्षण रहेको र उच्च शिक्षाको क्षेत्रमा अमेरिकी सरकारबाट थप छात्रवृत्तिको माध्यमबाट नेपालको मानवस्रोत विकासमा सहयोग हुने विश्वास व्यक्त गर्नुभयो। नेपालमा Peace Corps Volunteer बाट विद्यालय शिक्षा क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह भएको सवाल पनि स्पष्ट गर्नुभयो। नेपालमा हाल शिक्षा क्षेत्रका प्राथमिकता र चुनौतीहरू प्रस्तुत गर्दै सन् २०१५ र २०२२ सालको भूकम्प तथा पछिल्ला प्राकृतिक विपदबाट क्षति भएका विद्यालयको पुनःनिर्माण कार्यलाई निरन्तरता दिन आवश्यक रहेको बताउनु भयो।

महामहिम राजदूतले नेपालको हालको वस्तुस्थितिबारे आफू जानकार रहेको बताउँदै मन्त्रालयबाट शिक्षा विधेयकको लागि गरेको प्रयासका लागि प्रशंसा गर्नुभयो। उहाँले अमेरिकामा अध्ययनरत विदेशी विद्यार्थीमध्ये नेपाली विद्यार्थीको संख्या उल्लेख्य रहेको र यसबाट पनि दुई देशबीचको कूटनीतिक सम्बन्ध बजबुद रहेको तथ्य चर्चा गर्नु भयो। उक्त अवसरमा उहाँले नेपालस्थित Lincoln School मा कार्यरत शिक्षक तथा कर्मचारीहरूको Gratis भिसा प्रक्रियामा देखिएका समस्या समाधानका लागि मन्त्रालयको भूमिका महत्त्वपूर्ण हुने भएकाले यसका लागि आवश्यक समन्वय र सहयोगका लागि अनुरोध गर्नुभयो। साथै उहाँले नेपालको उच्च शिक्षाको क्षेत्रमा अमेरिकी विश्वविद्यालयहरूसँगको सहकार्यको सम्भावनाका बारेमा आवश्यक छलफल गर्न सकिने बताउनु भयो।

माननीय मन्त्रीज्यूले महामहिम राजदूतज्यूले उठाउनु भएका विषय सम्बोधनका लागि मन्त्रालयका तर्फबाट आवश्यक पहल हुने बताउँदै त्यसका लागि सम्बन्धित निकायसँग समन्वय गरिने बताउनुभयो।

.....................................
(शिवकुमार सापकोटा)
सहसचिव



Scanned with CamScanner